ठाकुरबाबा नगरपालिका

स्थानीय राजपत्र

खण्डः ५ संख्याः ८ कार्यपालिकाबाट पारित मितिः २०७९।०५।०४

प्रमाणिकरणः२०७९।०५।१६

प्रकाशन मितिः २०७९।०५।१६

भाग-२

ठाकुरबाबा नगरपालिका

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान रणनीति, २०७९

१. पृष्ठभूमि

सन् १९८० को दशकमा संयुक्त राष्ट्र संघले खानेपानी तथा सरसफाइको अन्तर्राष्ट्रिय दशक घोषणा गरेपछि नेपालमा सरसफाइ प्रवर्द्धनको व्यवस्थित प्रयास थालनी भएको हो । स्वास्थ्य, प्रतिष्ठा, जनजीविका, सामाजिक सशक्तीकरण, विकास र समृद्धिको आधारशिलाको रुपमा रहेको सरसफाइले 'सरसफाइ गुरुयोजना २०६८' कार्यान्वयनमा आएपश्चात फड्को मारेको पाइन्छ । सबै नागरिकले सरसफाइको आधारभूत सुबिधा (शैचालय) प्रयोग गरेको सुनिश्चितता स्वरुप गत २०७६ असोज ३ गते खुला दिसामुक्त देश घोषणा भएको छ यद्यपि पूर्ण सरसफाइ मार्गदर्शन २०७३ भने घोषणा पूर्व नै जारी गरिएको थियो । यसले खुला दिसामुक्त अभियानबाट प्राप्त सफलताहरुलाई संस्थागत गर्दै दिगो विकास लक्ष्य हासिल गर्न मार्ग प्रशस्त गरेको छ ।

यसैबीच नेपालको संविधान २०७२ को धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक व्यवस्था भएबाट सरसफाइ र स्वास्थ्यलाई नागरिकको आधारभूत मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधानको अनुसूची ८ को क्र.सं. ९ मा आधारभूत स्वास्थ्य र सरसफाइलाई स्थानीय तहको अधिकार भनेर उल्लेख गरेको छ । नेपाल सरकारको वास नीति २०७९, ठाकुरबाबा नगरपालिकाको २० बर्षे रणनीति योजनाको पाँचौ लक्ष्य तथा उद्देश्य 'व्यक्तिगत, पारिवारिक तथा सामुदायिक सरसफाइका कार्यक्रमहरू सञ्चालन गर्ने' एवम् नीति तथा कार्यक्रमको नवौं नम्बरमा उल्लेखित 'पूर्ण सरसफाइयुक्त वडा र नगरपालिका घोषणा गर्ने' कार्यक्रमको को लक्ष्य हासिल गर्न अघि बढी रहेको सन्दर्भमा सबै नागरिकलाई साबुनपानीले नियमित हात धोएर विभिन्न संक्रमण, रोग र असामयिक मृत्युदर घटाउन बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ (झ) को १ मा उल्लेखित अधिकारको प्रयोग गरी **'ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने रणनीति २०७९'** तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान रणनीति, २०७९

२. विद्यमान अवस्था विश्लेषण

नेपाली समाजमा दिसा गरपछि र खाना खानु अघि साबुनपानीले हात धुने चलन धेरै पहिला देखि नै छ । यद्यपि विशेष अवस्थामा साबुन पानीले उचित तरिकाले हात धुने उपयुक्त स्थानको अभाव र ज्ञान तथा सीपको कमिका कारण नेपालमा व्यक्तिहरु विरामी हुने गरेको यथार्थत छ । वयस्कहरुभन्दा बालबालिकाहरुमा विशेष अवस्थामा उचित तरिकाले हात धुर्ने ज्ञान तथा सीपको कमी भएका कारण बच्चाहरू छिटो छिटो विरामी हुने गरेको पाइन्छ ।

ठाकुबाबा नगरपालिकाको सन्दर्भमा पनि विशेष अवस्थामा उचित तरिकाले पूर्ण हात धुनका लागि सबैको सहज पहुँच हुने उपयुक्त हात धुने स्थानको अभाव रहेको पाइएको छ । सन् २०२२ को मार्चमा पालिकाको समन्वयमा गेरुवा र तेर दे जोम्सबाट ९ वडाका ३०० घर धुरीमा मा गरिएको अध्ययनबाट ९० प्रतिशत घरले हात धुनका लागि धारो (ट्यूबवेल) प्रयोग गरेको पाइएको छ । धुने, नुहाउने र पानी भर्ने कार्यहरू पनि ट्यूबवेलमा गरिने हुँदा र साबुन पानीले धारोमा हात धुँदा एक हातले धारो चलाउनु पर्ने भएका कारण धारोमा हात धुनका लागि उपयुक्त छैन । । धारोमा हात धुनु पर्दा विशेष अवस्थामा हात धुने दर पनि घटेको पाइएको छ भने विकल्पको रुपमा टुटी र ढक्कनसहितको हात धुने स्थान सत प्रतिशतले मन पराएका छन् । विशेष अवस्थामा हात धुनका लागि खास गरेर बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई टुटी र ढक्कन सहितको बाल्टीबाट बनेका हात धुने स्थान उपयुक्त रहेको निश्कर्ष छ ।
स्वास्थ्य संस्थाहरुका लागि खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी राष्टिय मापदण्ड २०७८ को परिच्छेद २ को दफा ९ मा सेवा प्रदान गरिने इकाईहरू जस्तै बिरामी जाँच्ने कोठा, प्रसुती कक्ष, प्रयोगशाला लगायतमा हात धुने स्थानमा प्रति मिनेट पाँच लिटर पानी सूचारू रुपमा आउने पानीको धारा उपलब्ध हुनु पर्दछ र प्रयोगकर्ताको पहुँच भित्रको दुरीमा हुनु पर्ने व्यवस्था छ । त्यसैगरी परिच्छेद ३ को दफा १७ को उपदफा १४ (क) मा बिरामीलाई छुनु अगाडि, बिरामीलाई छोएपछि, बिरामीको नजिकको कुनै सामान छोएपछि, बिरामीको दिसा पिसाब वा अन्य बस्तु छुने जोखिम कार्य गरेपछि संक्रमण रोकथाम गर्नु पर्ने उल्लेख छ । यसका लागि अल्कोहलयुक्त सेनिटाइजर प्रयोग गर्न सकिने पनि उल्लेख छ । स्वास्थ्य संस्थाहरुमा उल्लेखित नियमको पूर्ण पालना हुन सकेको छैन । यता विद्यालय र समुदायमा हातको संक्रमणबाट सुरक्षित हुन समान्य जनचेतना मात्र जगाएको, सबै स्थानमा गुणस्तरीय सेनिटाइजर उपलब्ध नभएको अवस्थामा साबुनपानीले हात धुने अभ्यास नै संक्रमण र रोग सर्नबाट सुरक्षित हुने सर्वस्वीकार्य तरिका देखिएको छ ।

३. चुनौति तथा अवसरहरू

विभिन्न आर्थिक, सामाजिक, साँस्कृतिक अभ्यास गरिरहेका समुदायका व्यक्तिहरुमा उचित तरिकाले हात धुनु पर्छ भन्ने सन्देश दिन थालेको करिब दुई दशक भै सकेको छ । कोभिड १९ ले सृजना गरेको वाध्यात्मक परिस्थिति बाहेक सामान्य अवस्थामा व्यक्तिहरुले उचित तरिकाले नियमित हात धुने अभ्यास नगर्नु चुनौतिपूर्ण छ । तथापि सानै उमेर देखि विशेष अवस्थामा बालबालिकामा उचित तरिकाले हात धुनेबानीको विकास गर्न, युवा, वयस्क र ज्येष्ठ नागरिकहरुमा बदलिएको समयानुसार उचित तरिकाले हात धुने अभ्यासबाट लाभान्वित तुल्याउन घर-घरमा हात धुने स्थान बनाउने र सोको उचित प्रयोग गरेर विभिन्न सङ्क्रमण, रोग र मृत्युबाट बच्ने र बचाउने एक महत्वपूर्ण अवसर छ ।

३.१. चुनौतिहरू

सन् १९९० को दशकबाट नेपालमा खानेपानी र सरसफाइका क्षेत्रमा व्यवस्थित प्रयास हुन थालेदेखि विभिन्न महत्वपूर्ण समयमा साबुनपानीले हात धुने सचेतना र सीप सिकाउँदै आएको पाइन्छ । हात धुने ज्ञान तथा सीप सिकाउन विभिन्न गैरसरकारी संस्था, सरकारी संस्था र नीजी क्षेत्रहरुको पनि योगदान रहँदै आएको छ । सामाजिक र सोचको विपन्नताले एक पटक सिकेको उचित तरिकाले हात धुने अभ्यासको दिगोपना चुनौति बनेको छ । त्यसै गरेर एउटा बाल्टी पनि सरकार वा सहयोगी निकायबाट उपलब्ध गराइ दिए हात धुने स्थान बनाउँथे र हात धुन्थे भन्ने परआश्रित मनस्थिति अर्को चुनौति बिषय हो । हेर्दा सामान्य लाग्ने हात धुने स्थान र सो को नियमित प्रयोगमा अपेक्षित उपलब्धि हासिल नहुनुमा निम्न चुनौतिहरू रहेका छन् ।

क) नीति र कार्यविधिको अभाव

संविधानमा स्वास्थ्य तथा सरसफाइलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको भए पनि विद्यमान ऐन, कानुन, नियम र कार्यविधिमा हरेक घरमा छुट्टै हात धुने स्थान र सोको प्रयोगका बारेमा संघ, प्रदेश र स्थानीय तहका सबै कानुन मौन छन् । सन्चालित केही परियोजना वा क्रियाकलापहरुले तोकिएको अवधिमा सचेतना र हात धुने व्यवहार परिवर्तनमा जोड दिने भए पनि नियमित अभ्यास सुनिश्चित गर्न सकेका छैनन् । ठाकुरबाबा नगरपालिकाको २० बर्षे गुरु योजना २०७५ मा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने विषय उल्लेख भएपनि नीति, नियम र कार्यविधि नै लागू गरेर सेवा क्षेत्रका सबै घर, विद्यालय, संघसंस्था र कार्यालयहरुमा अनिवार्यरुपमा हात धुने स्थान बनाउने र सबै जनसंख्याले हात धुने अभ्यास गर्ने कुरा सुनिश्चित गर्न सकेको छैन ।

ठाकुरबाबा नगरपालिकाको पूर्ण हात धुने अभियान रणनीति, २०७९

ख) सर्वसाधारणमा हात धुँदा हुने फाइदाका बारेमा अनभिज्ञता

सन् २०२२ को मार्चमा ३०० घरधुरीमा गरिएको अध्ययनबाट २.७ प्रतिशत घरले मात्र टुटी सहितको बाल्टीबाट बनेको हात धुने स्थानमा र ४ प्रतिशत घरले बेसिनमा विशेष अवस्थामा साबुनपानीले हात धुने अभ्यास गरेको पाइएको छ । बाँकी ८९.७ प्रतिशत घरले ट्यूबवेल (धारो) खिचेर र ३.७ प्रतिशतले अस्थायी स्थानमा हात धोएको पाइएको छ । कोभिड १९ को प्रभाव रहिरहँदा साबुनपानीले हात धुनेहरुको संख्या केही बढेको भए पनि अझै पनि ८५.३ प्रतिशत जनसंख्यामा हात धुनका लागि सबैलाई सहज हुने स्थान बनाउने र साबुनपानीले नियमित हात धुँदा हुने फाइदाहरुबारेको जानकारी पुगेको छैन । त्यसैले विशेष अवस्थामा हात धुनका लागि टुटी सहितको हातधुने स्थान पनि बनेका छैनन् ।

ग) बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री हात धुने स्थान र साबुन अभाव

नियमित हात धुने अभ्यास प्रवर्द्धनका लागि ठाकुरबाबाका विद्यालय र सार्वजनिक स्थानमा बनेका ७७ प्रतिशत संरचनामा हात धुने र साबुन राख्न बनाइएको स्थान बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री छैनन् । बिरामी र गर्भवती भएको विशेष अवस्थाका लागि प्रयोग गर्न सकिने हात धुने स्थानबारे त सोँचको विकास हुन सकेको छैन । न त सरकारको भवन आचार संहितामा यो विषयलाई समेटिएको छ ।

घ) सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री पूर्वाधारको अभाव

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिसँग छलफल गरेर हरेक ६ महिनाको अन्तरालमा गरिने वास फिट लेखाजोखाबाट सबै स्वास्थ्य संस्थाहरुमा सेवाग्राहीहरुले हात धुने स्थान नरहेको पाइएको छ । केही स्वास्थ्य संस्थाहरुमा रहेका हात धुने स्थान पनि बालबालिका, अपाङ्ग र लैङ्गिकमैत्री छैनन् । यस्ता हात धुने स्थान सपा^{a}ले मात्र प्रयोग गर्न सक्छन् । बिरामी र गर्भवती भएको विशेष अवस्थाका लागि प्रयोग गर्न सकिने हात धुने स्थानबारे त सोँचको विकास हुन सकेको छैन न त सरकारको भवन आचार संहितामा यो विषयलाई समेटिएको छ ।

ङ) नकारात्मक सोंच, स्रोतको अभाव र व्यवस्थापकीय जटिलता

नगरपालिकाको साक्षरता प्रतिसत ७९ छ । हात धुने स्थान बनाउने र प्रयोग गर्ने कार्य जीवनका लागि महत्वपूर्ण भए पनि उचित तरिकाले हात धुँदा हुने फाइदाको बारेको जानकारीको कमी, सानो काम भनेर वेवास्ता गर्ने र छिमेकी तथा साथीहरुलाई मैले नबनाए नि चलेको छ भन्ने जस्ता नकारात्मक सन्देश फैलाउने गरेको पाइन्छ । यद्यपि अझै पनि मुख्य पेसा दैनिक मजदुरी गरेर जीविका चलाएका ३ प्रतिशत[1] घरधुरीले स्वलगानीमा हात धुने स्थान बनाउन र नियमित हात धुने कार्य गर्न कठिन हुने देखिएको छ । उनीहरु एउटा बाल्टी र टुटीका लागि स्थानीय सरकार वा सहयोगी निकायको सहयोगको प्रतिक्षामा छन् । त्यसैगरी समुदायमा बेलाबेला हुने चोरीका घटनाले बाल्टी हरेक दिन बिहान बाहिर राख्ने र साँझ फेरी भित्र लानु पर्ने कार्य जटिल छ । ज्याला मजदुरी गर्नेहरू कामको सिलसिलामा घरबाहिर हुँदा बालबालिका, बद्धबृद्धा, बिरामी तथा अपाङ्ता भएकाको लागि व्यवस्थापकीय जटिलता थपिएको अनुभव छ ।

च) सरोकारवालाहरुबीच प्रभावकारी समन्वय तथा सहकार्यको अभाव

झट्ट हेर्दा एउटा घरले हात धुने स्थान बनाउने र सोही घरका परिवारले प्रयोग गर्ने देखिए पनि यो बहुपक्षीय सरोकारको बिषय हो । यो एक अभियान हो । यसको सफल कार्यान्वयनबाट अपेक्षित प्रतिफल हासिल गर्न लक्षित घर, गाउँ/टोल समिति, स्थानीय समुदाय, समुदायमा आधारित संस्था, स्थानीय सरकार र साझेदारहरुबिच प्रभावकारी समन्वय तथा सहकार्यको आवश्यकता पर्दछ । स्थानीय सरकार र स्थानीय सेवा प्रदायक संस्थाबीच पनि हात धुने अभ्यास प्रवर्द्धनका बारेमा समन्वय र सहकार्य हुन सकेको छैन । उता अधिकाँश संस्था र विद्यालयहरुमा पनि कन्ट्याक्टलेस ह्यान्डवासिङ स्टेसन उपलब्ध भएको भए पनि सबैले प्रयोग गरेको सुनिश्चित गर्ने, सो को अनुगमन एवम् प्रतिवेदन गर्ने संयन्त्रको अभाव छ ।

छ) अध्ययन, अनुसन्धान र आवश्यक सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीको अभाव

उचित तरिकाले हात धुने कुरा पहिला देखि नै उठेको, केहीले अभ्यास गरेको भए पनि अध्ययन र अनुसन्धानको कमिका कारण समय सापेक्ष समुदायको व्यवहारमा परिवर्तन ल्याउने विधि र तरिका अवलम्बन गर्न सकिएको छैन । त्यसैगरी अनुसन्धानमा आधारित लक्षित समुदायमैत्री सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरुको विकास तथा प्रयोग गरेको कारण उनीहरको व्यवहारमा परिवर्तन ल्याउन गाह्रो भएको छ ।

---

[1] *ठाकुरबाबा नगरपालिकामा हात धुने स्थानबारेको सर्भेक्षण प्रतिवेदन मार्च, २०२२, गेरुवा र तेर दे जोम्स, बर्दिया ।*

ठाकुरबाबा नगरपालिकामा हात धुने अभियान रणनीति, २०७९

ज) तथ्याङ्क सङ्कलन, अभिलेखिकरण र अद्यावधिकीकरणको अभाव

परियोजनाहरुबाट हात धुने स्थान बनाउने र प्रयोगमा ल्याउन सहजीकरण गर्ने अभियान सञ्चालनार्थ सहजीकरण गरिए पनि स्थानीय सरकारले यसबारेको तथ्याङ्क सङ्कलन, अभिलेखीकरण र अद्यावधिक गर्ने संयन्त्र विकास गर्न सकेको छैन् न त यस्तो अभ्यास गर्नेहरुलाई उत्प्रेरित गर्ने कुनै कार्य नै भएको छ। फलस्वरुप कुनै नयाँ कार्यको शुरु गर्दा पनि पुरानैजस्तै हो भनेर लिने, अनुगमन र भए/देखिएका समस्याहरुको समाधान गर्ने अभ्यास शुरु गर्न पनि कठिनाइ भएको छ।

३.२. अवसरहरू

नेपालमा सन् १९९० देखि सरसफाइमा भएको प्रगतिसँगै हात धुने अभ्यास प्रवर्द्धनका क्रियाकलापहरू पनि सञ्चालन गरिँदै आएको पाइन्छ। हाल नेपालमा Hands-on innovation, Hand Hygiene for all, आदि नामले हात धुने अभ्यास प्रवर्द्धन गर्न कार्यक्रमहरू पनि सञ्चालनमा छन्। शिक्षित र होसियार अभिभावकले आफ्ना नानीबाबुहरुलाई घरमै पनि साबुनपानीले हात धुने अभ्यास गराएको पाइन्छ। त्यसैगरी कोभिड १९ ले पनि हात धुने विगतको अभ्यासमा सुधार ल्याउन सचेत गराइरहेको छ। त्यसैगरी यस क्षेत्रमा कार्यरत संस्था तथा अभियन्ताहरुसँग गरिएको छलफलका आधारमा निम्नानुसारका अवसरहरू पहिचान गरिएका छन्।

क) संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको प्रावधान गरिएबाट सरसफाइ र स्वास्थ्यलाई नागरिकको आधारभूत मौलिक हकको रुपमा स्थापित गरेको छ। सर्वसाधारणलाई यी हकबारे जानकारी गराउने र उपभोग गर्न सक्षम बनाउने अवसर पनि उपलब्ध छ।

ख) स्थानीय तहले नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने अधिकार

नेपालको संविधानको अनुसूची ८ को बुँदा नं. ९ मा आधारभूत स्वास्थ्य र सरसफाइलाई स्थानीय तहको अधिकार भनेर उल्लेख गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ (झ) को १ मा स्थानीय तहले नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने अधिकारको सुनिश्चितता गरेको छ।

ग) स्थानीय सरकारको बार्षिक नीति तथा कार्यक्रम र बजेट

ठाकुरबाबा नगरपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम, बजेट र योजनामासामाजिक क्षेत्रको बुँदा नं. ५५ मा पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिने, स्वच्छ पानी, पिउने बानी भन्ने नारालाई मूर्तरुप दिने तथा एक घर एक धाराको व्यवस्था गर्ने उल्लेख छ। यसबाट हाल खानेपानीको पहुँच नपुगेका २.२ प्रतिशत घरका पनि खानेपानी पुग्ने र विशेष अवस्थामा हात धुने अभ्यास शुरु गर्न सक्ने।

घ) बाह्य साझेदारहरुसँग सहकार्य गर्न सकिने संभावना

हाल ठाकुरबाबामा टेर दे जोम्सको साझेदारीमा गेरुवा ग्रमीण जागरण संघ (गेरुवा) ले प्रयोगकताको पहलमा पालिकाका सबै घरमा हात स्थान निर्माण तथा प्रयोग अभियानको सहजीकरण गरिरहेको छ। गेरुवाले त्यसैगरी प्लान इन्टरनेशनलसँगको साझेदारीमा वास एन्ड रेजिलेन्स परियोजना सञ्चालन गरेको छ। त्यसैगरी यूएसएड को साझेदारीमा नगरस्तरीय वातावरण स्वच्छता परियोजना पनि सञ्चालनमा छ। ती सबै परियोजनामा हात धुने स्थान बनाउने र सोको नियमित प्रयोग गर्ने क्रियाकलाप थपेर अभियानकोरुपमा सञ्चालन गर्ने र सफल बनाउने संभावना देखिएको छ।

ङ) स्थानीय सरोकारवालाहरुसँगको समन्वयमा सामुदायिक सङ्गठनहरू परिचालन गर्न सकिने

ठाकुरबाबाका नगरपालिकाका ९ वटा वडाहरुमा क्रियाशिल लगभग १९७ सामुदायिक विकास संस्थाहरु (आमा समूह, सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति) वित्तीय संस्थाहरू (बैंक, लघुवित्त र वीमा कम्पनी), सहकारी संस्थाहरू, विद्यालयहरू (सामुदायिक र संस्थागत), जेष्ठ नागरिक सञ्जाल, बालक्लव आदि रहेका छन्। पालिकाका सरोकारवालाहरू (स्थानीय/राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, संयुक्त राष्ट्र संघका निकाय, द्विपक्षीय साझेदार संस्था, प्रदेश र संघीय सरकारका पालिकामा कार्यरत निकायहरू, निजी क्षेत्र, आदि) को समन्वयमा उल्लेखित मध्ये सामुदायिक सङ्गठनहरू परिचालन गरेमा छोटो अवधिमा हात धुने स्थान बनाउने र हात धुने अभियान सफल हुनेछ।

च) विकसित प्रविधिको सदुपयोग

अहिलको युग प्रविधिको युगमा खास गरेर छोटो अवधिमा धेरै जनसंख्यामा अभियानबारेको जानकारी दिन र कार्य भए/नभएको अनुगमन गर्न तथा भएका कार्यहरुको सूचना व्यवस्थापन गर्न, अभिलेख राख्न र आवश्यक परेको प्रतिवेदन तयार गर्न तथा

ठाकुरबाबा नगरपालिकाको हात धुने अभियान रणनीति २०७९

भोलिको निर्णय लिने कार्यमा सहयोग पुऱ्याउन प्रविधिको प्रयोग गर्न सकिन्छ। यसका लागि स्थानीय धेरै वासिन्दाहरुले प्रयोग गरिरहेको सन्चार र सामाजिक माध्यमसँग सहकार्य गर्न सकिनेछ।

४. रणनीतिक आधार र मान्यताहरू

४.१. रणनीतिक आधार

ठाकुरबाबा नगरपालिकाको हातधुने रणनीति निम्न पक्षमा आधारित रहेर तयार गरिएको छ।

क) प्रयोगकर्ताको पहलमा हात धुने स्थान निर्माण

अरुले दिएका बस्तु वा केही रकमले आजसम्म कसैलाई पुगेको छैन । यसरी बस्तु वा रकम लिँदा कतिपय अवस्थामा स्वाभिमान गुमेको अनुभव हुन्छ । त्यसैले आफ्नो घरका सदस्यहरुले विशेष अवस्थामा हात धुने स्थान निर्माणका लागि कम्तिमा २० लिटरको एक वटा टुटी र ढक्कन सहितको बाल्टी र साबुनको व्यवस्था प्रयोगकर्ता घरले नै गर्ने तथा निष्कासित फोहर पानीको उचित व्यवस्थापन गरेर स्वाभिमानी नागरिकको परिचय दिने दृष्टिकोणलाई यो रणनीति निर्माणको एउटा आधारको रुपमा लिइएको छ । यो कार्यको परीक्षण पालिकाको वडा नं. १, ४ र ६ मा सफल प्रयोग गरिएको छ। तसर्थ यो अभियानमा हरेक घरलाई स्वयं हात धुन आवश्यक पर्ने बाल्टी (टुटी र ढक्कन सहित) र साबुनको व्यवस्था गर्न उत्प्रेरित गरिने छ । साथै कुनै घरधुरीले सहयोग बिना आफैँ टुटी र ढक्कन सहितको बाल्टी राखेर हात धुने स्थान बनाउन नसकेमा कोष सङ्कलनका अन्य तरिकाहरू (दानवीर वा अन्य) प्रयोग गरिने छ।

ख) समष्टीगत अवधारणा

हात धुने स्थान बनाउने पालिकाको अभियानमा पालिकाका सबै घरधुरीलाई समेटिने छ । यो पालिकाबासीको स्वास्थ्यसँग प्रत्येक्ष सम्बन्ध राख्ने एवम् प्रतिष्ठाको विषय भएकोले सबै घरधुरीको हित, समावेशीकरण र सहभागिताको नीति अवलम्बन गरिने छ।

ग) बहुक्षेत्र साझेदारी

पालिकाका सबै घरका सदस्यहरुले विशेष अवस्थामा हात धुने गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्नु पालिका भित्र कार्यरत सबै सरकारी, गैरसरकारी, निजी क्षेत्रहरुको जिम्मेवारी हुनेछ। स्थानीय सरकारको यो अभियानमा सबैको सहभागिता निश्चित गर्न नगर प्रमुखको संयोजकत्व एवम् बहुक्षेत्रका सरोकारवालाहरुसँगको सहकार्यमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

घ) साझेदारहरुसँग पैरवी, क्षमता विकास र परिचालन

पालिकाका सबै घर, संघसंस्था र कार्यालयहरू हात धुने स्थान निर्माणका लागि पालिका स्वयं वा अभियानका प्रत्येक्ष साझेदार निकायहरुलाई परिचालन गरी सरोकारवालाहरुसँग पैरवी गरिने छ । साथै उनीहरुलाई अभियानको अभिन्न अङ्ग बनाउन क्षमता विकासका तालिम लगायतका क्रियाकलापहरुमा सहभागी गराएर परिचालन गरिने छ।

४.२. मान्यताहरू

हात धुने अभियान सञ्चालन गर्दा निम्न मान्यताहरुलाई आत्मसात् गरिने छः

क) हात धुने स्थान सञ्चालनमा ल्याउन घरधुरीको क्रय क्षमताले भ्याउने किसिमको टुटी र ढक्कन सहितको बाल्टी को नमुनाबारे जानकारी दिइने छ। नयाँ डिजाइन वा थप नमुनाहरुको प्रयोगकर्ताहरुसँग परामर्श र प्रतिक्रिया लिदै विकास एव्म परीक्षण पनि गरिने छ।

ख) हात धुने स्थान बनाउँदा र राख्ने ठाउँ चयन गर्दा बालबालिका, विरामी तथा घाइते र ज्येष्ठ नागरिकको सजिलै पहुँच भएको सुनिश्चितता
गरिनेछ।

ग) प्रयोगमा आउने बाल्टी टुटफुट भएमा तथा साबुन सकिए/हराए/चोरी भएमा पुनः नयाँ बनाउने तथा साबुन सोधभर्ना गर्ने जिम्मेवारी हरेक घरको हुनेछ।

घ) हात धुने स्थानको दिगो प्रयोग सुनिश्चित गर्ने कार्य हरेक घरको र सोको अनुगमन गर्ने जिम्मेवारी वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (Ward Water Supply, Sanitation and Hygiene Coordination Committee: W-WASH-CC) को हुनेछ।

ङ) कहि कतै रुढीवादी परम्पराका कारण महिनावारी भएको अवधिमा महिलाहरुले हात धुने स्थान प्रयोग गर्न नपाउने प्रचलन भएका त्यस्ता प्रचलन अन्त गर्न पहल गरिनेछ।

च) विशेषअवस्थामा हात धुने अभ्यासबाट जिम्मेवार नागरिक र प्रतिष्ठित समुदायको सम्मान बृद्धि हुने कुराको प्रचार प्रसार गरिने छ।

ठाकुरबाबा नगरपालिकाको हात धुने अभियान रणनीति २०७९

विभिन्न अध्ययन तथा यस रणनीति तर्जुमाका क्रममा आयोजित परामर्श बैठक/कार्यशालाका आधारमा घरमा छुट्टै हात धुने स्थान बनाउनुलाई एक आधारभूत सुविधाको रुपमा पहिचान गरिएको छ। हालसम्म हात धुने स्थान बनाएर प्रयोगमा ल्याएका घरका बालबालिका, विरामी र बृद्धबृद्धाहरू यस्तो अभ्यासबाट निकै खुशी भएको पाइएको छ तथापि हाल प्रयोगमा आएको बाल्टी टुटफुट भएमा तुरुन्तै नयाँ सञ्चालनमा ल्याउन र दिगोपन दिन वडा र पालिकाको सेवाका एकीकृत गर्नु पर्ने देखिएको छ जसको प्रकृया कार्यविधिमा उल्लेख गरिए बमोजिम हुनेछ।

५. परिवर्तनको सिद्धान्त र अपेक्षित प्रतिफल

माथि उल्लेखित अवस्थाको विश्लेषण, चुनौति तथा अवसर, रणनीतिका आधार र मान्यताहरुका आधारमा हात धुने अभियानको परिवर्तनको सिद्धान्त निम्नानुसारको हुने छ :



चित्र नं. १ हात धुने अभियानको परिवर्तनको सिद्धान्त

६. आवश्यकता र रणनीति तर्जुमा प्रक्रिया

६.१. रणनीति तर्जुमाको आवश्यकता

नेपालको संविधानले स्वास्थ्य र सरसफाइलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानले प्रत्याभूत गरेको अधिकार सुनिश्चित गर्न तथा स्थानीय तहमा हात धुने अभियानका क्रियाकलापहरू निश्चित गर्न मार्गनिर्देश गर्न यो रणनीतिको आवश्यकता रहेको छ।

सन् २०१५ मा संयुक्त राष्ट्रसंघको नेतृत्वमा विश्वका विभिन्न राष्ट्रले अनुमोदन गरी कार्यान्वयनमा ल्याइएका दिगो विकासका १७ वटा लक्ष्य मध्ये लक्ष्य नं. ६ खानेपानी तथा सरसफाइसँग सम्बन्धित छ। अतः स्थानीय तहबाट दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्न यो रणनीति तयार गरिएको छ।

त्यसैगरी नेपालमा विशेष अवस्थामा साबुनपानीले हात धुने संख्या ५४ प्रतिशत छ भने ठाकुरबाबामा ८ प्रतिशत छ। विशेष अवस्थामा हात नधोएकै कारण सर्वसाधारण र सेवा प्रदायकहरू समेत कोभिड १९ को संक्रमणबाट मृत्युवरण गर्नु परेको घटना दोहोरिन नदिन पहिचान गरिएको विशेष अवस्थामा हात धुने अभ्यासमा सुधार गरेर संभावित संक्रमण, रोग र मृत्युदर घटाउन विभिन्न गैरसरकारी तथा निजी क्षेत्र पनि क्रियाशील छन्। यी संस्थाहरुसँग उपलब्ध आर्थिक तथा अन्य स्रोतको अधिकतम परिचालन गर्दै बालबालिका, विरामी तथा अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरू लगायत सबैलाई सहजरुपमा हात धुने तरिका सिकाएर बानी बसाल्न यो रणनीति तर्जुमा गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ (झ) अनुसार आधारभूत स्वास्थ्य र सरसफाइसम्बन्धी कार्यक्रम गर्नु पर्ने भएकोले सो को सहजीकरणका लागि समेत यो रणनीति तयार गरिएको छ।

६.२. रणनीति तर्जुमा प्रक्रिया

रणनीति तर्जुमाको शुरुदेखि अन्तिम रुप दिन अपनाईएका प्रकृया यसप्रकार छन् :

क. सन्दर्भ सामग्रीहरुको अध्ययन र रणनीतिको खाका

यस कार्य अन्तर्गत नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय, प्रदेश र स्थानीय सरकारका विभिन्न ऐन, नियम, निती तथा कार्यविधि/मार्गदर्शन, सरसफाइ गुरुयोजना, पूर्ण सरसफाई मार्गदर्शन, पालिकाको २० वर्षे रणनीतिक योजना , बार्षिक नीति तथा कार्यक्रमहरू र प्रतिवेदनहरुको अध्ययन गरिएको थियो । अध्ययन गरिएका सन्दर्भ सामग्रीका आधारमा पालिकाको हात धुने अभियान रणनीति तर्जुमा गर्न आवश्यक पर्ने सूचना तथा सङ्कलन गरेर खाका तयार गरिएको थियो । साथै उक्त खाकाबारे पालिकाका पदाधिकारी, जनप्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी र सरोकारवालाहरुसँग छलफल गरिएको थियो ।

ख. परामर्श बैठक

सहमति भएको खाकामा रणनीतिको मस्यौदा तयार गरेपश्चात पालिकाका पदाधिकारी, जनप्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी, सरोकारवालाहरू र लक्षित लाभग्राहीहरुबाट पृष्ठपोषण तथा सुझाव संकलन गर्न परामर्श बैठक गरिएको थियो। दुई चरणमा गरिएको परामर्श बैठकबाट प्राप्त सुझावहरू समेतलाई संयोजन गर्दै रणनीतिको प्रस्तुत मस्यौदा तयार गरिएको छ ।

ग. रणनीतिका प्रस्तावित क्रियाकलापहरुको परीक्षण

प्रस्तुत रणनीतिमा प्रस्ताव गरिएका मुख्य आधार (टुटी र ढक्कन सहितको बाल्टी र साबुनको व्यवस्था प्रयोगकर्ता घरले नै गरेर स्वाभिमानी नागरिकको परिचय दिने)-हात धुने अभियानसँग सान्दर्भिक भए/नभएको र प्रभावकारिता पहिचान गर्न नमुनाको रुपमा ३ वटा वडामा परीक्षण गरिएको थियो । परीक्षण परियोजना कार्यान्वयनबाट भएका सिकाइ तथा पृष्ठपोषण समेत समावेश गरी रणनीतिलाई अन्तिम रुप दिइएको छ ।

घ. कार्यपालिकाको बैठकमा छलफल, प्रकाशन र प्रचार प्रसार

अन्तिम रुप दिइएको रणनीति निर्वाचन आचार संहिता लागू भएकोले पालिकाको नीति निर्माण समितिको बैठकमा छलफलपश्चात पास गर्न कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । पहिलो पटक १०० थान प्रकाशन गरिएको रणनीतिलाई एक औपचारिक कार्यक्रमको आयोजना गरेर सार्वजनिक गरियो ।

७. लक्ष्य, रणनीतिहरू र रणनीतिक उद्देश्यहरू

यस रणनीतिमा ठाकुरबाबा नगरपालिकाका सबै उमेर, वर्ग लिङ्ग, जातजाति र समूह मानिसहरुले विशेष परिस्थितिमा हात धोएर संक्रमण तथा रोगबाट बच्ने सुनिश्चित गर्न निम्नानुसारको रणनीतिक लक्ष्य, रणनीतिक उद्देश्य, रणनीतिहरू, कार्यनीतिहरू र क्रियाकलापहरू निर्दिष्ट गरिएका छन् :

७.१. रणनीतिक लक्ष्य

वि.सं. २०८० भित्र पालिकाले सबै घर, सार्वजनिक र निजी सेवा प्रदायक संस्थाहरुमा साबुनपानी सहितको हात धुने स्थान भएको सुनिश्चित गरिनेछ ।

चित्र नं. १ मा उल्लेखित परिवर्तनको सिद्धान्तअनुरुप हात धुने अभियानको कार्यान्वयन तहको लक्ष्य यसप्रकार हुनेछ ।

चरण	समयावधि	लक्ष्य
पहिलो	अभियान शुरु भएको ३ महिनाभित्र	कम्तिमा ३ वडाका ३ वटा टोल/गाउँका सबै घरका परिवारका सदस्यहरुले टुटी र ढक्कन सहितको हात धुने स्थान/वास वेसिन बनाएर प्रयोगमा ल्याएको घोषणा गर्ने
दोस्रो	अभियान शुरु भएको ६ महिनाभित्र	कम्तिमा ३ वडाका सबै घरका परिवारका सदस्यहरुले टुटी र ढक्कन सहितको हात धुने स्थान/वास वेसिन बनाए प्रयोगमा ल्याएको घोषणा गर्ने
तेस्रो	अभियान शुरु भएको १२ महिनाभित्र	सतप्रतिशत नगर बासीले टुटी र ढक्कन सहितको हात धुने स्थान/वास वेसिन बनाएर प्रयोगमा ल्याएको घोषणा गर्ने

७.२. रणनीतिक उद्देश्यहरू

क) हात धुने अभियानका लागि कानुनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु;

ख) हात धुने अभियानका साझेदार र सरोकारवालाहरू पहिचान गरी पैरवी र क्षमता विकास गर्नु;

ठाकुरबाबा नगरपालिकामा हात धुने अभियान रणनीति, २०७९

ग) हात धुने अभियान प्रभावकारी रुपमा सञ्चालन गर्न साझेदार र सरोकारवालाहरुसँग उपलब्ध दक्ष जनशक्ति, सामग्री तथा आर्थिक स्रोत परिचालन गर्नु ; र

घ) पूर्णरुपमा हात धुने अवस्था हासिल गरेका टोल/गाउँ, वडा र पालिका घोषणा गर्नु र अभ्यासलाई संस्थागत गर्नु ।

७.३. रणनीतिहरू

रणनीतिक उद्देश्य (क) सँग सम्बन्धित रणनीतिहरू	१. संघ, प्रदेश र स्थानीय तहमा विद्यमान कानुनहरुको अध्ययन गरी हात धुने रणनीति र कार्यविधि तयार गर्ने । २. पालिका र वडा स्तरको वास समन्वय समितिलाई क्रियाशिल बनाउने । ३. आवश्यकताअनुसार थप निर्णयहरू गरेर लागू गर्ने ।
रणनीतिक उद्देश्य (ख) सँग सम्बन्धित रणनीतिहरू	१. स्थानीय तहका सरोकारवाला एवम् सामुदायिक सङ्गठनहरू र निजी संस्थाहरू पहिचान गर्ने । २. पहिचान गरिएका साझेदार एवम् सरोकारवालाहरुसँग पैरवी गर्ने । ३. साझेदार र सरोकारवालाहरुका प्रतिनिधिहरुलाई क्षमता विकासका क्रियाकलापहरुमा सहभागी गराउने ।
रणनीतिक उद्देश्य (ग) सँग सम्बन्धित रणनीतिहरू	१. हात धुने अभियान सञ्चालनका लागि सहकार्य गर्न निश्चित भएका साझेदार र सरोकारवालाहरुसँग उपलब्ध दक्ष जनशक्ति, सामग्री तथा आर्थिक स्रोत लेखाजोखा गरी परिचालन गर्ने २. सम्बन्धित टोल/गाउँमा सहकार्य गर्न इच्छुक संघ, संस्थाको सेवा क्षेत्रका घरहरुमा हात धुने स्थानको आवश्यकता, उपलब्ध विकल्पहरू, जडान गर्न लाग्ने लागत, प्रयोग गर्दा हुने फाइदा, लगायतका विषयमा अभिमुखीकरण गर्न परिचालन गर्ने । ३. टोल/गाउँका सबै घरले साबुन सहितको हात धुने स्थान बनाएको र नियमित प्रयोग गरेको अनुगमन गर्ने र सो को प्रतिवेदन वार्ड वास समन्वय समितिलाई उपलब्ध गराउने । ४. कमजोर आर्थिक अवस्था भएका घरधुरीलाई हात धुने स्थान निर्माणका लागि सहयोग गर्न प्रोत्साहित गर्ने ।
रणनीतिक उद्देश्य (घ) सँग सम्बन्धित रणनीतिहरू	१. पूर्ण हात सफाइ युक्त टोल/गाउँ निर्माण गर्न स्वच्छ प्रतिस्पर्धा प्रोत्साहन गर्ने । २. टोल/गाउँका सबै घरमा हात धुने स्थान बनाएको र प्रयोग गरेको अनुगमन गर्ने र पूर्ण हात सफाइयुक्त टोल/गाउँ घोषणा गर्ने सिफारिस गर्ने । ३. हात धुने अभियानसम्बन्धी सूचना, शिक्षा तथा सन्दर्भ सामग्री र सिकाइहरुको अभिलेखीकरण गर्ने ।

७.४. कार्यनीतिहरू

रणनीतिक उद्देश्य (क) सँग सम्बन्धित
१. संघ, प्रदेश र स्थानीय तहमा विद्यमान कानुनहरुको अध्ययन गरी हात धुने रणनीति र कार्यविधि तयार गर्ने ।
क) सरोकारवालाहरुको परामर्शमा तयार गरिने खाकाका आधारमा हात धुने अभियान रणनीतिको मस्यौदा तयार गरिने छ । ख) मस्यौदामा छलफल र सरोकारवालाहरुको पृष्ठपोषण एवम् सुझाव संकलनका लागि परामर्श कार्यशालाको आयोजना गरिने छ । ग) प्राप्त सुझावहरू समावेश गरेर रणनीति र कार्यविधिलाई अन्तिम रुप दिइने छ ।
२. पालिका र वडा स्तरको वास समन्वय समितिलाई क्रियाशिल बनाउने ।
क) सरोकारवालाहरू समेतको सहभागितामा पालिका र वडाका वास समन्वय समितिहरुको गठन/पुनर्गठन गरिने छ । ख) हात धुने अभियानको अवधारणा, आवश्यकता, समितिले खेल्नु पर्ने भूमिकाबारे पालिका र वडाका वास समन्वय समितिलाई अभिमुखीकरण गरिने छ । ग) पालिका र वडामा हात धुने अभियानको अनुगमन, समीक्षा र बाधा फुकाउन क्रियाशील गराइनेछ ।
३. आवश्यकताअनुसार थप निर्णयहरू गरेर लागू गर्ने ।
क) नयाँ बन्ने घर र भवनहरुमा प्रयोगकर्तामैत्री हात धुने स्थान बनाउन अनिवार्य गरिने छ । ख) काम गर्दै सिक्दै सिद्धान्तका आधारमा भविष्यमा आउने बाधाअड्चन हल गर्न आवश्यकताअनुसार निर्णयहरू गरी कार्यान्वयन गरिने छ ग) कमजोर आर्थिक स्थिति भएको घरहरुको हात धुने स्थानमा पहुँच पुऱ्याउन विशेष निर्णय गरी कार्यान्वयन गरिने छ ।
रणनीतिक उद्देश्य (ख) सँग सम्बन्धित
१. स्थानीय तहका सरोकारवाला एवम् सामुदायिक संगठनहरू र निजी संस्थाहरू पहिचान गर्ने ।
क) हात धुने अभियानमा सहकार्यका लागि पालिकामा कार्यरत सामुदायिक संगठनहरू, गैरसरकारी संस्थाहरू, सहकारीहरू, विद्यालयहरू, वित्तीय संस्थाहरू, सुरक्षा निकायहरू, सन्चार माध्यमहरू र निजी संस्थाहरुको सूची बनाइने छ । ख) हात धुने अभियानका लागि सँगसँगै कार्य गर्ने र सहयोग मात्र गर्ने संस्थाहरू छुट्टयाएर सहकार्यका लागि पहल गरिने छ ।
२. पहिचान गरिएका साझेदार एवम् सरोकारवालाहरुसँग पैरवी गर्ने ।

पूर्ण हात धुने अभियान रणनीति, २०७९

क) हात धुने अभियानमा सहकार्य गर्न सुनिश्चित गरिएका सामुदायिक सङ्गठनहरू, गैरसरकारी संस्थाहरू, सहकारीहरू, विद्यालयहरू, वित्तीय संस्थाहरू, सुरक्षा निकायहरू, सन्चार माध्यमहरू र निजी संस्थाहरुसँग पैरवी बैठक, कार्यशाला, तालिम र विशेष अभियान सञ्चालन गरिने छ।

ख) पालिका, जिल्ला, प्रदेश र संघीय तहमा गरिने पैरवीमा स्थानीय साझेदार एवम् सरोकारवालाहरुको प्रतिनिधित्व सुनिश्चित गरिने छ।

ग) विशेष सहयोग आवश्यक भएका घरधुरीका लागि आर्थिक वा भौतिक सहयोग गर्न साझेदार एवम् सरोकारवालाहरुलाई प्रोत्साहन गरिने छ।

३. साझेदार एवम् सरोकारवालाहरुका प्रतिनिधिहरुलाई क्षमता विकासका क्रियाकलापहरुमा सहभागी गराउने।

क) सहकार्य गर्न निश्चित भएका साझेदार एवम् सरोकारवालाहरुबाट सामुदायिक अभियानकर्ता छनौटका लागि निश्चित आधारहरू निर्धारण गरिने छ।

ख) छनौट भएका सामुदायिक अभियानकर्ताहरुलाई निश्चित अवधिको क्षमता विकास तालिम, कार्यशाला वा अभिमुखीकरणमा सहभागी गराइने छ।

ग) क्षमता विकास तालिम, कार्यशाला वा अभिमुखीकरणका दौरान निश्चित घर/टोल/गाउँमा सहभागी संस्थाबाट कार्यान्वयन गरिने कार्ययोजना तयार गरिने छ।

रणनीतिक उद्देश्य (ग) सँग सम्बन्धित

१. सहकार्य गर्न निश्चित भएका साझेदार र सरोकारवालाहरुसँग उपलब्ध दक्ष जनशक्ति, सामग्री तथा आर्थिक स्रोत लेखाजोखा गरी परिचालन गर्ने

क) निश्चित फारम विकास गरी सहकार्य गर्न निश्चित भएका साझेदार एवम् सरोकारवालाहरुसँग हात धुने अभियानमा परिचालन गर्न सकिने उपलब्ध दक्ष जनशक्ति, सामग्री तथा आर्थिक स्रोत लेखाजोखा गरिने छ।

ख) उपलब्ध हुने दक्ष जनशक्ति, सामग्री तथा आर्थिक स्रोत पालिका/वार्ड वास समन्वय समितिबाट निर्णय गरी आवश्यकताअनुसार परिचालन गरिनेछ।

२. प्रयोगकर्ता घरको पहलमा सम्बन्धित टोल/गाउँ र वडाबासीहरुले साबुन सहितको हात धुने स्थान बनाउन सहजीकरण गर्न परिचालन गर्ने।

क) टोल/गाउँ र वडाका सबै घरधुरीको भेला बोलाएर हात धुने अभियान बारेमा छलफल वा अभिमुखीकरण गरिने छ।

ख) टोल/गाउँ र वडाका सबै घरधुरीले साबुन सहितको हात धुने स्थान बनाइसक्ने मिति निर्धारण गरिने छ।

ग) हात धुने स्थान बनाउन कारणवश नसकेका घरहरुलाई आवश्यक सहजीकरण गरिने छ।

३. सबै घरले साबुन सहितको हात धुने स्थान बनाएको र नियमित प्रयोग गरेको अनुगमन गर्ने।

क) टोल/गाउँ र वडामा हात धुने स्थान बनाएका घरहरुको अभिलेख अद्यावधिक गरिने छ।

ख) टोल/गाउँ र वडाका सबै घरधुरीले साबुन सहितको हात धुने स्थान बनाएको निश्चित गरिने छ।

ग) वार्ड वास समन्वय समितले पालिका वास समन्वय समितिलाई अनुगमन प्रतिवेदन उपलब्ध गराउने छ।

४. कमजोर आर्थिक अवस्था भएका घरधुरीलाई हात धुने स्थान निर्माणका लागि सहयोग गर्न प्रोत्साहित गर्ने।

क) वडा र पालिकाको समन्वयमा कमजोर आर्थिक अवस्था भएका घरधुरीहरुको पहिचान गरिने छ।

ख) कमजोर आर्थिक अवस्था, अपाङ्गता र घरमुली दिर्घरोगी भएका घरधुरीलाई आवश्यक पर्ने बाल्टी, टुटी खरिद र हात धुने स्थान बनाउन आवश्यक सहयोगका लागि साझेदार र सरोकारवालाहरुलाई परिचालन गरिने छ।

रणनीतिक उद्देश्य (घ) सँग सम्बन्धित

१. पूर्ण हात सफाइयुक्त टोल/गाउँ निर्माण गर्न स्वच्छ प्रतिस्पर्धा प्रोत्साहन गर्ने।

क) नमुना कार्यक्रम सञ्चालन गर्दा टोल/गाउँलाई न्यूनतम इकाइ मानिने छ।

ख) विस्तारित कार्यक्रम कार्यान्वयन गर्दा वडालाई न्यूनतम इकाइ मानिने छ।

ग) टोल-टोल वा गाउँ-गाउँबीच हात धुने स्थान निर्माण गर्न स्वच्छ प्रतिस्पर्धा गराइने छ।

घ) छोटो समयमा साबुनसहितको गुणस्तरीय हात धुने स्थान बनाएका टोल/गाउँलाई पुरस्कृत गरिने छ।

२. टोल/गाउँका सबै घरमा हात धुने स्थान बनाएको र प्रयोग गरेको अनुगमन गर्ने र पूर्ण हात सफाइयुक्त टोल/गाउँ घोषणा गर्ने सिफारिस गर्ने।

क) टोल/गाउँ र वडाका सबै घरधुरीले हात धुने स्थान बनाएको निश्चित गर्न वार्ड वास समन्वय समितिबाट अनुगमन गरिने छ।

क) वार्ड वास समितिले सबै टोल/गाउँ र वडाबासीले साबुन पानी सहितको हात धुने स्थान बनाएको प्रमाणित गरी पालिका वास समन्वय समितिलाई अनुगमनका लागि आमन्त्रण गर्नेछ।

ग) पालिका वास समन्वय समितिले अनुगमनपश्चात पूर्ण सफाइयुक्त टोल/गाउँ र वडा घोषणाका लागि सिफारिस दिनेछ।

घ) पालिका वास समन्वय समितिले तोकोको मिति, स्थान र समयमा पूर्ण सफाइयुक्त टोल/गाउँ, वडा र पालिका घोषण सभाको आयोजना गरिने छ।

३. पूर्ण हात धुने अभियानसम्बन्धी सूचना, शिक्षा तथा सन्दर्भ सामग्री र सिकाइहरुको अभिलेखीकरण गर्ने।

क) परीक्षण परियोजना शुरु गर्दा देखि नै आवश्यक सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू विकास गरी प्रकाशन तथा प्रयोग गरिने छ।

ख) परीक्षण परियोजना शुरु हुँदा देखि नै पालिकाको वेबसाइटमा हात धुने स्थान बनाएका घरहरू र पूर्ण सफाइ घोषणा भएका टोल/गाउँ, वडाको तथ्याङ्क अद्यावधिक गर्ने सूचना प्रणाली एकीकृत गरिने छ।

ग) हरेक न्यूनतम इकाइलाई पूर्ण सफाइयुक्त घोषणापश्चात एक समीक्षा कार्यक्रमको अयोजना गरी सिकाइहरुको अभिलेख राखी अद्यावधिक गरिने छ।

घ) हात सफाइयुक्त पालिका घोषणापश्चात पालिका वास समन्वय समितले एक विस्तृत प्रतिवेदन तयार गरि प्रकाशन गरिने छ।

७.५. क्रियाकलापहरू

क) लक्षित समुदायमा हात धुने अभियानको विद्यमान अभ्यासबारे अध्ययन/सर्भेक्षण गर्ने
ख) पालिकामा कार्यरत साझेदार, सरोकारवालाहरू र सामुदायिक संगठनहरुको तथ्याङ्क संकलन र विश्लेषण
ग) साझेदार र सरोकारवालाहरुसँग हात धुने अभियानसम्बन्धी रणनीति र कार्यविधि तर्जुमाका लागि परामर्श कार्यशाला र बैठक गर्ने
घ) हात धुने अभियान रणनीति र कार्यविधि तयार गरी लागू गर्ने
ङ) तालिम, कार्यशाला, अभिमुखीकरण र पैरवीका लागि पाठ्यक्रम तयार गर्ने
च) हात धुने अभियानको औपचारिक शुभारम्भ समारोह आयोजना गर्ने ।
छ) छनौट गरिएका सामुदायिक संगठन, विद्यालय/क्याम्पस, साझेदार र सरोकारवालाहरुका प्रतिनिधिहरुलाई (मुख्य समूह) लाई तालिम दिने/प्रशिक्षित गर्ने
ज) टोल/गाउँ, शिक्षण संस्था, स्वास्थ्य कार्यालय लगायतमा साबुन सहितको हात धुने स्थान निर्माणका लागि कार्यशाला र अभिमुखीकरण गर्ने ।
झ) छनौट गरिएका वडाहरुमा परीक्षण परियोजना सञ्चालन गर्ने ।
ञ) वार्ड र पालिका वास समन्वय समितिबाट हात धुने स्थान निर्माण भए नभएको अनुगमन गर्ने ।
ट) निश्चित दिन र समयमा साबुनपानीले हात धुने अभियान सञ्चालन गर्ने ।
ठ) परीक्षण परियोजना सञ्चालन भएका टोलका सबै घरमा हात धुने स्थान बनेको र विशेष अवस्थामा पूर्ण रुपमा हात धुने अभ्यास गरेको घोषणा गर्ने ।
ड) सिकाइ समीक्षा कार्यशाला आयोजना गर्ने ।
ढ) हात धुने अभियानको विस्तारित परियोजना सञ्चालन गर्ने ।
ण) पालिकालाई पूर्ण हात सफाइयुक्त घोषणा गर्ने ।
ढ) हात धुने भियानको प्रगति र सिकाइ प्रतिवेदन तयार गर्ने

८. क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

८.१. कार्यान्वयन

यो रणनीति स्थानीय कार्यपालिकाबाट स्वीकृत हुनासाथ कार्यान्वयन गरिनेछ । साथै यो रणनीतिको आधारमा मार्गदर्शन तर्जुमा गर्ने कार्य अघि बढाइने छ । यो रणनीति कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पालिका स्तरीय खानेपानी तथा सरसफाइ समिति (M-WASH CC) को हुनेछ । एम-वाससीसीले रणनीति स्वीकृत हुनासाथ अभियान कार्यान्वयको बार्षिक योजना बनाएर कार्यान्वयन गर्नेछ ।

८.२. अनुगमन तथा मूल्याङकन

यस रणनीति कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि वडास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति (W-WASH CC) र पालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति (M-WASH CC) संलग्न हुनेछन् । साथै आवश्यकताअनुसार संयुक्त अनुगमन समितिले पनि यो अभियानको अनुगमन गर्न सक्नेछ ।

यो रणनीतिको कार्यान्वयनबाट नगरबासीमा विशेष अवस्थामा हात धुने सामाजिक मान्यता र व्यवहारमा आएको परिवर्तन एवम् यसले स्वास्थ्यमा परेको प्रभावको आन्तरिक र तेस्रो पक्षबाट मूल्याङ्कन गरिनेछ । अनुगमन तथा मूल्याङ्कन गर्दा अनुसूची १ मा उल्लेखित सूचकहरुलाई आधार मानिनेछ ।

९. पालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको संरचना र भूमिका

सरसफाइ गुरु योजना २०६८ लागू भए देखि नै गठन भै क्रियाशिल रहेको पालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति (M-WASH-CC) नै पालिका तहको नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने इकाई हुनेछ । यो समितिको संरचना र भूमिका अनुसूची २ बमोजिम हुनेछ । यो समितिलाई हात धुने अभियान निर्देशक समिति भनेर पनि सम्बोधन गर्न सकिने छ ।

१०. वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति संरचना र भूमिका

सरसफाइ गुरु योजना २०६८ लागू भए देखि नै गठन भै क्रियाशिल रहेको वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति (W-WASH-CC) नै वडा तहको अभियान कार्यान्वयन गर्ने इकाई हुनेछ । यो समितिको संरचना र भूमिका अनुसूची ३ बमोजिम हुनेछ । यो समितिलाई हात धुने अभियान कार्यान्वयन समिति भनेर पनि सम्बोधन गर्न सकिने छ ।

पञ्चपुरी नगरपालिकाबाट पूर्ण हात धुने अभियान रणनीति २०७९

११. विद्यालय/क्याम्पस स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको संरचना र भूमिका

हात धुने अभियान अन्तगरगत विद्यालय/क्याम्पस तहमा खानेपानी तथा सरसफाइ समन्वय समिति गठन गरिने छ। यसको संरचना र भूमिका अनुसूची ४ बमोजिम हुनेछ।

१२. हात धुने अभियानको सङ्केत चिन्ह (लोगो) र नारा

पालिका भित्रका सबै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुबिच चित्रकला प्रतियोगिता गराई उत्कृष्ट ठहर भएकोलाई हात धुने अभियानको सङ्केत चिन्ह (लोगो) र नाराको रुपमा प्रयोग गरिने छ। अभियानको लोगो र मुख्य नारा एउटै हुनेछ। लोगो र नारा छनौट गर्ने प्रकृया अनुसूची ५ मा उल्लेख गरेअनुसार हुनेछ।

१३. सामुदायिक हात धुने अभियानकर्ता छनौट र जिम्मेवारी

पालिका/वडाले गर्ने पत्राचार अनुरुप हात धुने अभियानमा सहकार्य गर्न प्रतिबद्ध सामुदायिक सङ्गठनबाट उपयुक्त १ जना छनौटका लागि सिफारिस भएका र वडा वास समन्वय समितिले छनौट गरेका व्यक्तिलाई सामुदायिक हात धुने अभियानकर्ता भनिने छ। यस्ता अभियानकर्ता छनौटका आधारहरू, संस्थाले गर्ने नमुना र जिम्मेवारी कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

१४. अभियानका साझेदारहरुको क्षमता विकास र उत्प्रेरणा

गैरसरकारी संस्था, सामुदायिक संस्थाहरू, वित्तीय संस्थाहरू, नेपाली सेना, नेपाल प्रहरी, होटल एवम् पर्यटन व्यवसायी, निर्माण व्यवसायी, आदि हात धुने अभियानका साझेदार हुनेछन्। यी संस्थाका प्रतिनिधिहरुलाई अभियानको मुख्य साझेदार टेर दे जोम्स र गेरुवा ग्रामीण जागरण संघको प्राविधिक सहयोगमा नगरपालिकाले विकास गरेको पाठ्यक्रमका आधारमा विभिन्न क्षमता विकासका अवसरहरुमा सहभागी गराइने छ। अभियानमा संलग्नहरुलाई उत्प्रेरणा स्वरुप टिशर्ट, व्याग, क्याप जस्ता दृष्य सामग्रीहरू उपलब्ध गराइने छ। त्यसैगरेर पालिका तहको तालिमहरुमा बोलाउँदा यातायात खर्च उपलब्ध गराइने छ। त्यसैगरी अभियान सफल बनाउन महत्वपूर्ण योगदान गर्ने साझेदार र अभियन्ताहरुलाई वडा र पालिकाले आयोजना गर्ने घोषणा सभामा सम्मान तथा पुरस्कृत गरिने छ।

१५. सहजीकरण, प्रमाणीकरण, पूर्ण हात सफाइयुक्त घोषणा, पुरस्कार तथा कारवाही

क्षमता विकास क्रियाकलापहरुमा सहभागी भएका अभियन्ताहरुले समुदाय र संघसंस्थाहरुमा हात धुने स्थान निर्माणका लागि नियमितरुपमा सहजीकरण गर्नेछन्। सबै घरले हात धुने स्थान निर्माण गरेर प्रयोगमा ल्याएको कुरा वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिले अनुगमन गरेर निश्चित गरेपछि पूर्ण हात सफाइयुक्त टोल गाउँ भनेर प्रमाणीकरण गर्नु पर्ने छ। वडा स्तरीय समितिले प्रमाणीकरण गरेपश्चात पालिकाबाट अनुगमन गरी पूर्ण हातसफाइयुक्त घोषणा गरिने छ। पूर्ण हात सफाई घोषणा कार्यक्रमको आयोजना वडास्तरीय खानेपानी तथा समन्वय समितिको समन्वयमा सम्बन्धित टोल/गाउँले गर्नु पर्नेछ। त्यसैगरी वडा र पालिकालाई पूर्ण हात सफाइयुक्त घोषणा गर्ने क्रमशः जिम्मेवारी वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति र पालिका स्तरीय खानेपानी तथा समन्वय समितिको हुनेछ। पूर्ण हात सफाइयुक्त घोषणा गर्न सफल शुरुका ३ वटा वडालाई पालिकाले प्रोत्साहन स्वरुप नगद पुरस्कार दिन सक्नेछ। त्यसै गरेर अभियान सफल बनाउन योगदान गर्नेहरुलाई कार्यविधिमा व्यवस्था भएअनुसार सम्मान गरिने छ।

कसैले अभियानलाई असहयोग गर्ने तथा पटक पटक भन्दा पनि हात धुने स्थान नबनाउनेलाई कारवाही स्वरुप वडा तथा पालिकाबाट प्रदान गरिने सेवामा रोक लगाउन सकिने छ।

१६. स्रोत व्यवस्थापन

पालिका र गेरुवा ग्रामीण जागरण संघ (गेरुवा) बीच भएको सम्झौताअनुरुप यो हात धुने अभियान सञ्चालनका लागि तेर दे जोम्सबाट गेरुवालाई प्राप्त भएको स्रोत खर्च गरिने छ। साथै सबै वडा र पालिकाबाट आ.व. २०७९/८० मा निश्चित रकम विनियोजन गरिने छ भने आवश्यकताको आधारमा स्रोत सङ्कलनका थप उपायहरू अवलम्बन गरिने छ। त्यसैगरी व्यक्तिगत दाताहरू, अन्य गैरसरकारी संस्था, निजी क्षेत्र र द्विपक्षीय साझेदार एवम् संयुक्त राष्ट्र संघका निकायबाट प्राप्त हुने अनुदान पनि परिचालन गरीने छ।

१७. विविध

- यो रणनीतिका मुख्य लाभग्राहीहरुमा (क) घरपरिवारमाः आमा, बच्चाका हेरचाहकर्ता र परिवारका अन्य सदस्यहरू हुन भने (ख) संस्थाहरुमाः संस्थाका कर्मचारीहरू र सेवाग्राहीहरू हुन्।
- अभियानको प्रभावकारी कार्यान्वयनको लागि पालिकाले थप कार्यविधि बनाई लागू गर्न सक्नेछ।

गोकुलगङ्गा नगरपालिकाको हात धुने अभियान रणनीति, २०७९

- पालिकाले आवश्यकताअनुसार सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू विकास, प्रकासन र वितरण गर्न सक्ने छ। साथै अभियानको तथ्याङ्क व्यवस्थापनका लागि वेब पोर्टल बनाउन सक्नेछ। भविष्यमा पुनः हात धुने क्रियाकलापहरू गर्नु परेमा हालको लोगो र सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू एवम् वेब पोर्टल प्रयोग गर्न सकिने छ।
- आवश्यकताअनुसार यो रणनीति कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

ठाकुरबाबा नगरपालिकामा पूर्ण हात धुने अभियान रणनीति, २०७९

अनुसूची १:

हात धुने अभियान अनुगमन तथा मल्याङ्कनका सूचकहरू

क्र.सं.	सूचकहरू	आधार रेखा	लक्ष्य
१	**हात धुने अभियानका लागि कानुनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्ने**		
१.१	पालिका र वडा तहको वास समन्वय समिति गठन/पुनगर्ठन		
१.२	हात धुने अभियानसम्बन्धी रणनीतिको विकास		
१.३	हात धुने अभियानसम्बन्धी कार्यविधिको विकास		
१.४	हात धुने अभियानको औपचारिक शुभारम्भ कार्यक्रम		
२	**हात धुने अभियानका साझेदार र सरोकारवालाहरू पहिचान गरी पैरवी र क्षमता विकास गर्ने**		
२.१	हात धुने अभियानका साझेदार र सरोकारवालाहरू (सामुदायिक विकास सङ्गठनसमेत) को पहिचान		
२.२	हात धुने अभियानका लागि सहकार्य गर्ने सामुदायिक सङ्गठनहरू छनौट		
२.३	हात धुने अभियानका लागि सहकार्य गर्ने सामुदायिक सङ्गठनहरू क्षमता विकास		
३	**हात धुने अभियान प्रभावकारी रुपमा सञ्चालन गर्न साझेदार र सरोकारवालाहरुसँग उपलब्ध दक्ष जनशक्ति, सामग्री तथा आर्थिक स्रोत परिचालन गर्ने**		
३.१	हात धुने अभियान सञ्चालनका लागि साझेदार र सरोकारवालाहरुसँग उपलब्ध सामग्री दक्ष जनशक्ति पहिचान		
३.२	हात धुने अभियानका सामुदायिक अभियानकर्ता छनौट		
३.३	हात धुने अभियानकर्मीहरुको क्षमता विकास		
३.४	हात धुने अभियान लागि साझेदार र सरोकारवालाहरुसँग उपलब्ध आर्थिक स्रोत पहिचान		
३.५	साझेदार र सरोकारवालाहरुको सहयोगमा हात धुने स्थान बनाएको संख्या		
४	**पूर्णरुपमा हात धुने अभ्यास गरेका टोल/गाउँ, वडा र पालिका घोषणा गर्नु र अभ्यासलाई संस्थागत गर्ने**		
४.१	टोल/गाउँबासीलाई हात धुने अभियानबारेको अभिमुखीकरण		
४.२	टोल/गाउँबासी सबैले हात धुने स्थान बनाएको निश्चित गर्ने		
४.३	पूर्ण हात धुने टोल/गाउँ घोषणा		
४.४	पूर्ण हात धुने वडा घोषणा		
४.५	पूर्ण हात धुने गाउँपालिका घोषणा		

ठाकुरबाबा नगरपालिकामा पूर्ण हात धुने अभियान रणनीति, २०७९

अनुसूची २:

पालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको संरचना र भूमिका

अध्यक्ष	नगर प्रमुख
सदस्य सचिव	प्रमुख प्रशासकीय अधिकृत
सदस्यहरु	खानेपानी, सरसफाइ, स्वास्थ्य र शिक्षण संस्था व्यवस्थापन क्षेत्रसँग सम्बन्धित कार्यपालिकाका सदस्यहरु, पालिकाको सरसफाइ, स्वास्थ्य, शिक्षा, सामाजिक र नगर प्रहरी शाखाका प्रमुख, विकास साझेदारहरू, गैर सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू, वन उपभोक्ता समूहहरू, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अध्यक्ष/प्रमुखहरू मध्येबाट १/१ जना प्रतिनिधि, विद्यालय/क्याम्पस व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट १ जना, वित्तीय संस्थाहरुमध्येबाट १ जना, उद्योग वाणिज्य संघ, यातायात व्यवसायी समित र निर्माण व्यवसायी समितिबाट १/१ जना प्रमुख/प्रतिनिधि, नेपाली सेना र जनपद प्रहरीका १/१ जना प्रमुख, राजनीतिक दलहरुका १/१ जना प्रमुख/प्रतिनिधि, नगरस्तरीय आमा समूह, ज्येष्ठ नागरिक, बाल क्लव, बडघर सञ्जाल, टोल विकास संस्था र होटल तथा पर्यटन व्यवसायीहरुमध्येबाट १/१ जना प्रमुख/प्रतिनिधि र नेपाल रेडक्रस सोसाइटी उपशाखाका सभापति १ जना ।
हात धुने अभियान का लागि समितिको भूमिकाः	• पालिका तहको रणनीति, कार्यविधि र योजना तर्जुमा गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने । • पालिका स्तरको हात धुने अभियानको योजना बनाउने र कार्यान्वयनको लागि नेतृत्व लिने । • हात धुने अभियान शुभारम्भ कार्यक्रमको आयोजना गर्ने । • अभियान सफल बनाउन बहुसाझेदारहरुसँग समन्वय गर्ने र उनीहरुको सहभागिता सुनिश्चित गर्ने । • वडा स्तरीय र विद्यालय स्तरीय वास समन्वय समितिहरू गठन/पुनर्गठन र परिचालन गर्ने । • पालिकाका शाखाहरू मार्फत मातहतका निकायहरुमा हात धुने स्थान बनाउन र विशेष अवस्थामा हात धुने अभ्यास गर्न पत्राचार एवम् सहजीकरण गर्ने । • हात धुने अभियान सञ्चालनका क्रममा आउने बाधाअड्चनहरुको विश्लेषण गर्ने र समाधान खोज्ने । • अभियानसँग सम्बन्धित सूचना पालिकाको वेवसाइटमा एकीकृत गर्न समन्वय गर्ने । • नगरपरिषद्बाट आवश्यक बजेट विनियोजन गर्न पहल गर्ने • हात धुने अभियान सम्वन्धी परामर्श बैठक/कार्यशाला, अनुगमन गर्ने, समीक्षा बैठक आदिमा सहभागी भै सल्लाह तथा सुझावहरु उपलब्ध गराउने । • नियमित हात धुने अभियानको दिगोपनका लागि स्थानीय पाठ्यक्रमहरुमा समावेश गर्ने । • अभियानमा संलग्न वडा समिति, विद्यालय समिति, साझेदार, सामुदायिक सङ्गठ-नहरू, सामुदायिक अभियानकर्ताहरुले गरेका कार्यहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने र पूर्ण हात सफाइयुक्त वडा र नगर भएको प्रमाणीकरण गर्ने • पूर्ण हात सफाइयुक्त पालिका घोषणाको अवसरमा पुरस्कृत गर्ने । • उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवम् सिर्जनशील क्रियाकलापहरू सञ्चालन गर्ने ।

***द्रष्टव्यः** नगर प्रमुखको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले अध्यक्ष र वातावरण तथा सरसफाइ शाखाको प्रमुखले सदस्य सचिवको भूमिका निर्वाह गर्नु पर्नेछ ।*

गण्डकी प्रदेश सरकार

अनुसूची ३:

वडा स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको संरचना र भूमिका

अध्यक्ष	सम्बन्धित वडाका वडा अध्यक्ष
सदस्य सचिव	वडा सचिव
सदस्यहरु	खानेपानी, सरसफाइ, स्वास्थ्य र शिक्षण संस्था व्यवस्थापन क्षेत्रसँग सम्बिन्धित वडा कार्यपालिकाका सदस्यहरु, वडा सदस्य (महिला), वडा सदस्य (दलित) राजनीतिक दलका वडास्तरका अध्यक्ष, वडाका नागरिक अगुवा, वडा प्रहरी प्रमुख, स्थानीय गैरसरकारी तथा सामुदायिक संस्थाका प्रमुखमध्येबाट १ जना, वन उपभोक्ता समूहका अध्यक्ष/प्रमुख मध्येबाट १ जना , खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्षहरुमध्येबाट १ जना, विद्यालयका प्रधानाध्यापकहरु-मध्येबाट १ जना, सहकारी संस्थाका अध्यक्ष/व्यवस्थापकहरुमध्येबाट १ जना, महिला स्वास्थ्य स्वयंसेविकाहरुमध्येबाट १ जना, आमा समूहका अध्यक्षमध्येबाट १ जना, नेपाल रेडक्रस सोसाइटी उपशाखाका पदाधिकारी मध्ये १ जना, वडा स्तरीय बालक्लव, ज्येष्ठ नागरिक र बडघर सञ्जाल तथा टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधि १/१ जना, आदि ।
समितिको भूमिकाः	• हात धुने अभियानका लागि वडास्तरका साझेदार छनौट र तालिमका लागि सहयोग गर्ने । • वडामा हुने तालिम, अभिमुखीकरण आदिमा सहभागी हुने । • कमजोर आर्थिक स्थिति भएका घरलाई हात धुने वाल्टी सहयोग गर्नु पर्ने भए सूची बनाउने र आवश्यक बजेट विनियोजन गर्ने । • वडा तहको योजना बनाउने, तोकिएको मापदण्डअनुसार अभियानको अनुगमन, कार्यान्वयनको सुनिश्चितता र टोल तथा वडाका सबै घरमा हात धुने स्थान बनाएर प्रयोगमा ल्याएको प्रमाणीकरण गर्ने । • सेवा क्षेत्रका विद्यालयहरुमा विद्यालय स्तरीय वास समन्वय समितिहरू गठन/पुनर्गठन र परिचालन गर्ने । • हात धुने अभियान सञ्चालनका क्रममा वडामा आएका बाधाअड्चनहरुको विश्लेषण गर्ने र समाधान खोज्ने । • हात धुने अभियान सम्बन्धी परामर्श बैठक/कार्यशाला, अनुगमन गर्ने, समीक्षा बैठक आदिमा सहभागी भै सल्लाह तथा सुझावहरू उपलब्ध गराउने । • वडामा हात धुने अभियानमा कार्यान्वयनमा उल्लेख्य योगदान गरेका व्यक्तिहरुको लगत राख्ने र वडा भेलाको अवसर पारेर सम्मान/पुरस्कृत वा दुबै गर्ने । • उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवम् सिर्जनशील क्रियाकलापहरू सञ्चालन गर्ने ।

द्रष्टव्यः *अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको अध्यक्षतामा कार्यहरू गर्न सकिने छ ।*

ठाकुरबाबा नगरपालिकामा हात धुने अभियान रणनीति, २०७९

अनुसूची ४:

शिक्षण संस्था स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको संरचना र भूमिका

संरक्षक	सम्बन्धित वडाका वडा अध्यक्ष
अध्यक्ष	विद्यालय व्यवस्थापन समितिको अध्यक्ष
सदस्य सचिव	प्रधानाध्यापक/प्राचार्य
सदस्यहरू	विद्यालय/क्याम्पस व्यवस्थापन समितिका सदस्यहरू, शिक्षक अभिभावक संघका प्रतिनिधि, प्राध्यापक संघका अध्यक्ष, स्ववियूका अध्यक्ष, वाल क्लवका अध्यक्ष, जु/युरेसका प्रतिनिधि, शिक्षक प्रतिनिधि, आदि ।
समितिको भूमिकाः	• पालिका, वडा वा कुनै साझेदारले आयोजना गर्ने हात धुने अभियानसम्बन्धी तालिम, कार्यशाला वा अभिमुखीकरणमा सहभागी हुने । • विद्यालयमा व्यवस्थित, बालबालिकामैत्री र पर्याप्त संख्यामा हात धुने स्थान बनाउने । • हरेक हप्ताको कुनै बार बिहानको प्रार्थना सक्नु अघि विशेष अवस्थामा हात धुने तरिका र हात धुँदा हुने फाइदाका बारेमा शिक्षक वा विद्यार्थी परिचालन गरेर बताउने व्यवस्था मिलाउने । • विद्यालयका सबै कोठामा सबैले देख्ने र पढ्न सक्ने गरी विशेष अवस्थामा हात धुने सूचना, शिक्षा तथा सन्दर्भ सामग्री टाँस्ने । • हरेक हप्ताको शुक्रबार साबुनपानीले हात धुने अभ्यास गराउने • विद्यालयमा अध्ययनरत सबै विद्यार्थीले विशेष अवस्थामा हात धुने नियमित अभ्यास गरेको निश्चित गर्ने । • उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवम् सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने ।

द्रष्टव्यः *व्यवस्थापन समितिका अध्यक्षको अनुपस्थितिमा अभिभावक संघका अध्यक्षको अध्यक्षतामा कार्यहरू गर्न सकिने छ ।*

ठाकुरबाबा नगरपालिकामा पूर्ण हात धुने अभियान रणनीति २०७९

अनुसूची ५:
हात धुने अभियानको संङ्केत चिन्ह (लोगो) र नारा छनौट प्रकृया

अभियानलाई सहभागितामूलक बनाउन पालिकाको शिक्षा र वातावरण तथा सरसफाइ शाखाले पालिका स्तरीय चित्रकला प्रतियोगिता गर्ने छ। प्रतियोगितासम्बन्धी सूचना पालिकाका सबै विद्यालयहरुमा पठाइने छ। साथै पालिकाको वेब साइटमा पनि राखिने छ। हरेक विद्यालयहरुले आ-आफ्नो विद्यालयमा प्रतिस्पर्धा गराएर उत्कृष्ट ३ वटालाई पालिकाको वातावरण तथा सरसफाइ शाखामा पठाउने छन्।

यसरी प्राप्त हुन आएका संङ्केत चिन्ह (लोगो) र नारा मूल्याङ्नका लागि पालिका स्तरमा वातावरण तथा सरसफाइ शाखा प्रमुखको संयोजकत्वमा गठन हुने ३ सदस्यीय (शिक्षा शाखा प्रमुख, वातावरण तथा सरसफाइ शाखाका अधिकृत र संयोजकले तोकेको विषय विज्ञ) समितिले मूल्याङ्कन गरेर ३ वटा उत्कृष्ट संङ्केत चिन्ह (लोगो) र ३ वटा नारा छनौट गर्ने छ। यसरी छनौट भएका संङ्केत चिन्ह (लोगो) लाई समुदाय र सरोकारवालाहरुबिच परीक्षण गरी पहिलो, दोस्रो र तेस्रो निश्चित गरिने छ। पालिकाको सूचनाअनुसार लोगो बनाएर पहिलो, देस्रो र तेस्रो हुने चित्रकार विद्यार्थीलाई नगद क्रमशः नगद रु. ५०००/-, ३०००/- र २०००/- पुरस्कार र प्रमाण पत्र उपलब्ध गराइने छ। साथै उत्कृष्ट नारा बनाएका ३ जना विद्यार्थीलाई पहिलो, दोस्रो र तेस्रो निश्चित गरी १,५००/-, १,०००/-, र ५००/- नगद पुरस्कार र प्रमाण पत्र वितरण गरिने छ।

चित्रकारले संङ्केत चिन्ह (लोगो) तयार गर्दा समेट्नु पर्ने विषयहरू:

- टुटी र ढक्कन सहितको बाल्टी स्थानीय स्तरमा उपलब्ध काठ, बाँसको स्ट्यान्ड बनाएर वा टेबलमामा राखेको।
- टुटीबाट पानी झरिरहेकोको तल नाडीदेखि हत्केलासम्म साबुनको फिंज देखिएको र हात मिचिमिची धोइरहेको।
- बाल्टीको कुनै साइडमा साबुनदानी माथि साबुन रहेको।
- हात धोएको पानीको निकास गरेको।

पुनश्चः कुनै पनि संङ्केत चिन्ह (लोगो) उत्कृष्ट नलागेमा समितिले प्राप्त हुन आएका मध्येबाट आफ्नो विचार थपेर नयाँ बनाउन वा पेशेवर लोगो डिजाइनरको सहयोगमा बनाएर प्रयोगमा ल्याउन सक्नेछ। साथै संङ्केत चिन्हको परीक्षणपश्चात सुधार गर्न पनि सकिने छ।

आज्ञाले

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकामा पूर्ण हात धुने अभियान रणनीति २०७९